**रोशी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः९　　　　भाग-१　　　　मितिः२०८२/०९/२६

**भाग-१**

रोशी गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम रोशी गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. ०२

## रोशी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०८२

**प्रस्तावनाः** प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न रोशी गाउँपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न स्थानीय शिक्षा ऐन

तर्जुमा गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं. ८" को अधिकार प्रयोग गर्न रोशी गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "रोशी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

क) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

ख) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत बालबालिकाहरुको आमा, बुबा, बाजे वा बज्यै सम्झनु पर्छ र सो शब्दले अभिभावकको ठेगान नभएका वा अभिभावक बेपत्ता भएका बालबालिकाको हकमा निजको संरक्षक हो भनी सम्बन्धित बालबालिका बसोबास गरिरहेको वडा कार्यालयबाट प्रमाणित भई विद्यालयको अभिलेखमा संरक्षक भनी अभिलेख कायम भएको व्यक्तिलाई समेत जनाउँछ ।

ग) "ऐन" भन्नाले रोशी गाउँपालिका शिक्षा ऐन २०८२ लाई सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले रोशी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) "कोष" भन्नाले यस ऐनको दफा ५६ वमोजिमको विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ ।

च) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको रोशी गाउँपालिकालाई सम्झनु पर्छ ।

छ) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ यस शब्दले स्रोत शिक्षक वा शिक्षा अधिकृत समेतलाई जनाउनेछ ।

ज) "परम्परागत विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

झ) "परीक्षा समिति" भन्नाले दफा ५५ बमोजिम गठन हुने परीक्षा समितिलाई सम्झनु पर्छ ।

ञ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्छ ।

ट) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दफा १३ बमोजिम खोलिएको प्रारम्भिक बाल विकास केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

ठ) "प्रधानाध्यापक" भन्नाले दफा ३४ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ढ) "विद्यालय" भन्नाले सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

ण) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ । (स्पष्टीकरणः आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्म दिइने शिक्षा र माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

त) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा २५ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

थ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

द) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ध) "शिक्षा विकास कोष" भन्नाले दफा ७० बमोजिम स्थापना भएको स्थानीय शिक्षा विकास कोष सम्झनु पर्छ ।

न) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

प) "शिक्षा समिति" यसै ऐनको दफा २१ अनुसारको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

फ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

ब) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

भ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई दफा ९ बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

म) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

य) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

र) संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्ने तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट नियमित

रुपमा अनुदान नपाउने गरी दफा ४९ बमोजिम कम्पनी वा गुठी अन्तर्गत अनुमति पाई सञ्चालित विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद— दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, समायोजन तथा नियमन

३. **विद्यालय शिक्षाको तहः** विद्यालय शिक्षाको तह २ प्रकारका हुनेछन् ।

(क) माध्यमिक तहः कक्षा १२ सम्म अध्ययन अध्यापन हुने

(ख) आधारभूत तहः कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र प्रारम्भिक बालविकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्रहरु रहनेछन् ।

४. **माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्ः—

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

५. **शिक्षाको माध्यमः** (१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) आधारभूत तह सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(घ) सामाजिक अध्ययनसँग सम्बन्धित विषयवस्तु नेपाली भाषामा अध्यापन गर्नुपर्नेछ ।

(ङ) स्थानीय विषयससँग सम्बन्धित विषयवस्तु मातृभाषा वा नेपाली भाषामा अध्यापन गर्नुपर्नेछ ।

६. **<u>मातृभाषामा शिक्षा सम्बन्धी व्यवस्थाः</u>** (१) गाउँपालिकाभित्र अध्ययन गर्ने हरेक बालबालिकालाई आफ्नो मातृभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।तर त्यस्तो शिक्षा प्रचलित कानून बमोजिम निर्धारण भएको पाठ्यक्रम बमोजिम हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्न त्यस्तो समुदायले माध्यमिक तहसम्मको शिक्षा भए छुट्टै विद्यालय वा शिक्षण संस्था स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले मातृभाषामा शिक्षा प्रदान गर्नका लागि विद्यालय वा शिक्षण संस्था स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका मार्फत नियमित अनुदान पाउने शिक्षण संस्था वा सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई कुनै खास विषयमा निजको माग बमोजिमको मातृभाषी शिक्षा प्रदान गर्न सकिनेछ ।

७. **<u>विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था</u>**ः (१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष

शिक्षा, समावेशी शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा गाउँ शिक्षा समितिले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम अनुमति दिन सक्नेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

८. **विद्यालयको वर्गीकरणः** (१) विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछः

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(२) उपदफा (१) बमोजिम संस्थागत विद्यालयलाई निम्नानुसार वर्गीकरण गरिनेछः

(क) कम्पनी अन्तर्गत सञ्चालित विद्यालय

(ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय

९. **विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने** : (१) विद्यालय सञ्चालनको अनुमति तथा स्वीकृति तोकिए बमोजिम हुनेछ ।

(२) परम्परागत विद्यालयको अनुमति, स्वीकृति तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) दफा (२) बमोजिम अनुमति तथा स्वीकृति पाउँने परम्परागत विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिकाले वार्षिक एकमुष्ठ अनुदान रकम उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(५) विद्यालयको स्वीकृति तोकिए बमोजिम हुनेछ ।

१०. **धरौटी राख्नु पर्ने:** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको संरक्षण बापत तोकिए बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछः

११. **धरौटी रकम जम्मा गरिने:** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम विद्यालयको नाममा तोकिए बमोजिमका पदाधिकारीहरूको संयुक्त दस्तखतबाट सञ्चालन हुने धरौटी खाता खोली जम्मा गर्नु पर्नेछ ।

१२. **सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल; नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर समेत यसै ऐन वमोजिम हुनु पर्नेछ ।**

१३. **प्रारम्भिक बालविकास केन्द्रको स्थापना र सञ्चालन गर्न सक्ने:** गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै प्रारम्भिक बालविकास केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ । प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **वाल गृहको संचालनः** गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह सञ्चालन गर्न पाउनेछ । वाल गृह सञ्चालनको लागि आवश्यक प्रकृया तोकिए बमोजिम हुनेछ ।

१५. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने**: गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, आयआर्जन र निरन्तर सिकाइ समेतको काम गर्न

तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ । सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** (१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दूरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । संघीय कानुनले तोकेको प्रतिकक्षा हुनुपर्ने विद्यार्थी सङ्ख्याको दरले प्रति तह हुनुपर्ने कुल विद्यार्थी सङ्ख्यामध्ये १५ प्रतिशतभन्दा कम विद्यार्थी भएमा गाउँ कार्यपालिकाले सम्बन्धित तह बन्द वा समायोजन गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा शिक्षा शाखा मार्फत गाउँ शिक्षा समिति समक्ष स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको निवेदन उपर छानविन गरी उपयुक्त देखिएमा गाउँ शिक्षा समितिले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको विद्यालयको हकमा कम्तिमा एक करोड रूपौंया, आधारभूत तहको विद्यालयको हकमा कम्तिमा पचास लाख रुपैयाँ वा सो बराबरको चल अचल सम्पत्ति विद्यायलाई प्रदान गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले नयाँ अनुमति पाउने विद्यालय भएमा व्यक्तिको नाममा विद्यालयको नाम नामकरण गर्न र सञ्चालित विद्यालयको हकमा विद्यालयको नामको पछाडी व्यक्तिको नाम जोडी विद्यालयको नामकरण गर्न सक्नेछ ।

## परिच्छेद ३

## अनिवार्य तथा निःशुल्क शिक्षा

१७. **अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने:** (१) यो ऐन प्रारम्भ भएपछि गाउँपालिका मार्फत चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित शिक्षाका अतिरिक्त चार वर्षको उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्नेछ ।

(३) स्थानीय तहले विपद्, दुर्घटना, आकस्मिक घटना लगायतका अन्य कारणवाट प्रभावित बालबालिकालाई सुरक्षित रूपमा आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ।

१८. **अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षाः** (१) रोशी गाउँपालिका क्षेत्रभित्र अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिका भएमा त्यस्ता बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठनपाठन तथा त्यससँग सम्बन्धित अन्य कुराको व्यवस्था गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था कार्यान्वयनका लागि वडा शिक्षा समितिले आफ्नो वडाभित्र अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाहरुको विवरण सङ्कलन गरी गाउँ शिक्षा समिति समक्ष पेश गर्नुपर्ने छ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित बालबालिकाको अभिभावक पत्ता लागेमा अभिभावकले नै उक्त बालबालिकाको जिम्मा लिनुपर्नेछ ।

(४) अभिभावकको पहिचान नभएका बालबालिकाहरुको शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य हेरचाह सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले अनिवार्य तथा निशुल्क आधारभूत

शिक्षामा पहुँच सुनिश्चित गर्न सघाउ पुऱ्याउन सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई प्रचलित कानुन बमोजिम सञ्चालित स्वास्थ्य संस्थाहरुसँग सहकार्य, स्वास्थ्य शिविरको आयोजना, घुम्ती सेवा, विद्यालय नर्स वा अन्य यस्तै प्रकृतिका कार्यक्रम मार्फत स्वास्थ्य परामर्श तथा हेरचाह सम्बन्धी आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

(२) विद्यालयले बालबालिकाहरुको स्वास्थ्य अभिलेख सहितको विद्यार्थी हाजिरी रजिष्टरको अनिवार्य प्रयोग गर्नुपर्ने छ ।

२०. **प्रगति विवरण बुझाउनु पर्नेः** (१) हरेक विद्यालयले शैक्षिक सत्र शुरु भएको साठी दिनभित्र आफ्नो विद्यालयको सेवा क्षेत्रभित्र रहेका विद्यालय उमेरका बालक तथा बालिकाको सङ्ख्या, कार्यगत सीमितता रहेका बालबालिकाको सङ्ख्या, विद्यालय जाने तथा जान बाँकी बालबालिकाको विवरण, विद्यालयले विद्यालयमा ल्याउन गरेका प्रयत्न, सफलता तथा गाउँपालिका प्रतिको अपेक्षा सहित समेटी शिक्षा शाखामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेदः ४
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

२१. **गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः-

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य
(ङ) गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिकाको महिला, दलित वा सीमान्तकृत प्रतिनिधि सदस्यहरुमध्येबाट एक जना - सदस्य

(च) गाउँपालिका स्तरीय सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका अध्यक्ष वा प्रतिनिधि एकजना - सदस्य

(छ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ज) शिक्षक अभिभावक संघका अध्यक्षहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(झ) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(झ) गाउँपालिका क्षेत्रभित्र रहेका संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ञ) गाउँपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एकजना - सदस्य

(ट) गाउँपालिका स्तरीय शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ठ) शिक्षा अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) गाउँ शिक्षा समितिको पदेन सदस्यहरु जुन पदमा रहेका आधारमा सदस्य रहेको हो, सो पदबाट मुक्त भएको मितिबाट स्वतः गाउँ शिक्षा समितिको सदस्य पदबाट समेत पदमुक्त भएको मानिनेछ ।

२२. **गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठकः** (१) दफा २१ वमोजिम गठित गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाको शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्दै सार्वजनिक शिक्षाको गुणस्तर सुधारको लागि लागि गाउँ शिक्षा योजना निर्माण गरी स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्ने

(ख) गाउँपालिकामा शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृतीका लागि कार्यपालिकामा पेश गर्ने,

(ग) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी अनुमति प्रदान तथा अन्य आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालय सञ्चालनको अनुमति तथा नाम परिवर्तनको स्वीकृति प्रदान गर्ने

(ङ) विद्यालयको शैक्षिक वातावरणमा प्रतिकुल असर पर्ने गरी कार्य गर्ने विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्ने

(च) पदीय आचरण पालना नगरेका कारण कारवाहीका लागि विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका शिक्षकलाई मनासिव कारणका आधारमा कारवाही गर्ने

(छ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको सरुवा सम्बन्धमा यस ऐन तथा अन्तर्गत बनेका कानुनले तोके बमोजिम कार्य गर्ने

(ज) दरवन्दी मिलान, विद्यालय समायोजन, पढाइ समायोजन, स्तर बृद्धि, स्तर घटुवा, शिक्षक विद्यार्थी अनुपात मिलान, शिक्षक सरुवा, प्रारम्भिक बाल विकास केन्द्रहरुको ब्यवस्थापन लगायतका विद्यालय शिक्षा सम्बन्धी अन्य कार्यहरु गर्ने गराउने

(झ) दफा ३७(२) बमोजिम शिक्षक खटनपटन तथा प्रोत्साहन गर्ने

(ञ) वार्षिक कार्यसम्पादन कारारका सूचकहरु निर्धारण गर्ने

(ट) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा पुरस्कार र सजायको व्यवस्था गर्ने

(ठ) संस्थागत विद्यालयलाई दान दातव्य प्राप्त गर्नका लागि स्वीकृति प्रदान गर्ने

(ड) ठूला तथा आवासीय विद्यालयको अनुमतिका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने

(ढ) संस्थागत विद्यालयहरुको शिक्षकको न्यूनतम पारिश्रमिक र विद्यालयको पूर्वाधारको न्यूनतम मापदण्ड तोक्ने

(ण) विद्यालय अनुगमन, पृष्ठपोषण तथा निर्देशन प्रदान गर्ने

(त) विद्यालयको आय व्ययको लेखापरीक्षणको लागि दर्तावाला लेखापरीक्षक तोक्ने

(थ) विद्यार्थीलाई शिक्षा विकास कोषबाट छात्रवृत्ति उपलब्ध गराउने

(द) संस्थागत विद्यालयले लिने शुल्कको सीमा निर्धारण गर्ने

(ध) नियम विपरित शुल्क लिने विद्यालयबाट लिइएको नियम विपरितको शुल्क फिर्ता गराई विद्यालयलाई कारवाही गर्ने

(न) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(प) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(फ) विद्यालयको लेखापरीक्षणमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(ब) विद्यालय समायोजन गर्न वा बन्द गर्न र शिक्षक व्यवस्थापन गर्न मापदण्ड निर्माण गरी निर्णयको लागि कार्यपालिका समक्ष पेश गर्ने ।

(भ) गाउँपालिकास्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने, कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(म) वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र विद्यालय तथा प्रधानाध्यापकलाई आवश्यक निर्देशन दिने ।

(य) शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालनको अनुमति प्रदान गर्ने

(र) शैक्षिक गुणस्तर सुधारका लागि सुझाव दिन कार्यदल गठन गर्ने तथा कार्यदलको प्रतिवेदन प्राप्ति, आवश्यकता अनुसार सुझाव कार्यान्वयन तथा कार्यान्वयनको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने

(ल) गाउँ शिक्षा समितिद्वारा बनाएको योजना र गरिएको निर्णय शिक्षा शाखा मार्फत कार्यन्वयन गर्ने गराउने ।

(२) गाउँ शिक्षा समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ ।

(३) गाउँ शिक्षा समितिको काम कर्तव्य तथा अधिकार र बैठकसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **<u>शिक्षा अधिकृतः</u>** (१) गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छ । निजको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयलाई आर्थिक सहायता वा अन्य सहयोग उपलव्ध गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ख) गाउँपालिका स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको लागि प्राप्त रकम खर्च गर्ने,

(ग) गाउँ शिक्षा समितिले बनाएको योजना र गरिएको निर्णय कार्यान्वयन गर्ने,

(घ) विद्यालय व्यवस्थापन समिति, विद्यालय, प्रधानाध्यापक तथा शिक्षक कर्मचारीहरुलाई आवश्यक नीति निर्देशन गर्ने,

(ङ) तह र विषय मिल्ने दरबन्दीभित्र विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षक सरुवा गर्ने,

(च) स्थायी नियुक्ति भई आउने शिक्षकलाई तह र दरबन्दीमिल्दो पदमा पदस्थापन गर्ने ।

(छ) विद्यालयको अनुगमन, पृष्ठपोषण तथा निर्देशन गर्ने,

(ज) आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको प्रमाणपत्र जारी गर्ने, प्रमाणपत्रमा भएका त्रुटिहरु विद्यालयको सिफारिस तथा प्रमाणका आधारमा सच्याई प्रतिलिपि जारी गर्ने,

(ज) विद्यालय व्यवस्थापन समिति गठनका लागि विद्यालयहरुलाई सहजीकरण गर्ने,

(झ) नवीकरणका लागि कागजात सहित पेश भएका सामुदायिक सिकाइ केन्द्रको नवीकरण सम्बन्धी कार्य गर्ने,

(ञ) विद्यालयहरुलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अन्य पक्षसम्बन्धी विवरण भर्न लगाउने,

(ट) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी तोकिएको काम गर्ने,

(ठ) विद्यालयहरुले गरेका कामकारवाही सम्बन्धमा प्रधानाध्यापकहरुको बैठक बोलाई नियमित छलफल तथा समीक्षा गर्ने, गराउने

(२) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

२४. **<u>वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः</u>** (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गरिनेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना महिला सदस्य सहित २ जना - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट वडा समितिले मनोनित

गरेको एक जना - सदस्य

(ङ) वडा भित्रका विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्षहरु मध्येबाट वडा समितिले मनोनित गरेको एक जना - सदस्य

(च) वडाभित्रका शिक्षा प्रेमी तथा बुद्धिजीवीहरु मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(छ) वडाभित्र कार्यरत प्रारम्भिक बालविकास शिक्षकहरुमध्ये वडा शिक्षा समितिले मनोनित गरेको एक जना शिक्षक - सदस्य

(ज) सम्बन्धित वडाका वडा सचिव सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) गाउँपालिकाको शिक्षा योजना र विद्यालय सुधार योजनाबीच तादात्म्य हुने गरी वडा स्तरीय योजना तर्जुमा, कार्यान्वयन र समन्वय गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) शिक्षक, विद्यालय र समुदायवीच समन्वय गर्ने ।

(घ) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड अनुरुप भए, नभएको अनुगमन गर्ने

(ङ) वडा भित्रका विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न आवश्यकतानुसार अनुगमन र मूल्यांकन गर्ने ।

(च) आफ्नो वडा क्षेत्रभित्र रहेका सम्पूर्ण बालबालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य गर्न विद्यालय भर्ना, विद्यालयमा सहभागिता र तह पारको सुनिश्चितताका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने ।

(छ) विद्यालयको कार्यक्षेत्रको नक्साङ्कन गर्ने तथा सेवा क्षेत्रका बालबालिकाहरुको शैक्षिक अवस्थाको अभिलेख राख्ने, राख्न लगाउने,

(ज) विद्यालय सञ्चालन अनुमतिको लागि विद्यालय नक्साङ्कन तथा सिफारिस गर्ने,

(झ) आफ्नै स्रोतबाट प्रारम्भिक बालविकास केन्द्र खोल्न अनुमति दिने,

(ञ) ठूला तथा आवासीय विद्यालय सञ्चालनको अनुमतिका लागि सिफारिस गर्ने,

(ट) शैक्षिक सुधार तथा विकासका लागि गाउँ कार्यपालिका र गाउँ शिक्षा समितिको नीति, निर्देशन पालना गर्ने ।

(४) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैले निर्धारण गर्नेछ ।

२५. **विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुई जना महिला सहित चारजना –सदस्य

(ख) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना –सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना –सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना –सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक – सदस्य–सचिव"

(२) विद्यालय स्तरीय बालक्लवको अध्यक्ष तथा सचिवलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा स्थायी आमन्त्रित सदस्यका रुपमा सहभागी गराइनेछ ।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा स्थानीय उद्योग तथा वाणिज्य महासंघको प्रतिनिधि एकजना सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(७) शिक्षा अधिकृत वा सम्बन्धित विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा शिक्षा अधिकृतले मनोनीत गरेको व्यक्ति-अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एकजना महिलासमेत पर्नेगरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट सम्बन्धित गाउँ शिक्षा समितिले मनोनीत गरेको एकजना - सदस्य

(घ) शिक्षा अधिकृत वा सम्बन्धित विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्राधानाध्यापक - सदस्य–सचिव

(९) विद्यालय व्यवस्थापन समितिको सदस्य छनोट सम्बन्धी कार्यप्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(१०) उपदफा (१), (४) र (८) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

२६. **विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि साधन स्रोतको पहिचान, समन्वय र प्राप्ति गर्ने प्राप्त साधन र स्रोतको समुचित परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने, सुरक्षा तथा व्यवस्थापन गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक, मानीय तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने तथा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरी कार्यान्वयन गर्ने, गराउने

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(ङ) गाउँपालिकाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(च) स्वीकृत दरबन्दी वा अनुदानमा करारमा शिक्षक पदपूर्ति सम्बन्धी कार्य गर्ने,

(छ) पदीय आचरण पालना नगर्ने शिक्षकलाई कारवाहीका लागि गाउँ शिक्षा समिति समक्ष सिफारिस गर्ने,

(ज) दफा (३४) बमोजिम प्रधानाध्यापकको नियुक्ति गर्ने

(झ) दफा ३५(६) को व्यवस्था ङ र च बमोजिम शिक्षक सरुवाको लागि सिफारिस गर्ने,

(ञ) विद्यालयमा नेपाल सरकारले तोके बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन गर्ने,

(ट) अतिरिक्त शैक्षिक कृयाकलापहरु, बालक्लव तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी कृयाकलापहरु सञ्चालन गर्ने,

(ठ) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थी मूल्याङ्कन, नतिजा सार्वजनिक, विश्लेषण तथा पृष्ठपोषण र सुधारका कार्ययोजना निर्माण र कार्यान्वयनको व्यवस्था गर्ने,

(ड) आषाढ मसान्तभित्र आगामि आर्थिक वर्षको लागि विद्यालयको अनुमानित आय व्ययको विवरण सहितको बजेट स्वीकृत गरी खर्चका लागि प्रधानाध्यापकलाई अख्तियारी प्रदान गर्ने तथा सोको जानकारी शिक्षा शाखालाई दिने

(ढ) विद्यालयको आय व्ययको लेखा राख्ने तथा राख्न लगाउने र सामाजिक परीक्षण तथा गाउँपालिकाबाट तोकिएको लेखापरीक्षकबाट लेखापरीक्षण गर्ने, गराउने,

(ण) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने,

(त) आफैंले नियुक्त गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(थ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने तथा शिक्षक अभिभावक संघ गठन गर्ने ।

(द) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र शिक्षा शाखाले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने,

(२) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र थप सहयोगी अध्ययन सामग्रीहरु प्रयोग गर्न आवश्यक देखिएमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सामग्री मध्येबाट शिक्षा शाखाको स्वीकृति लिने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) अस्थायी रुपमा नियुक्त शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्नको लागि यो खण्ड प्रारम्भ भएको मितिले छ महिना भित्र स्थायी पूर्तिसम्बन्धी प्रक्रिया शुरु गर्ने,

(छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) दफा ५० बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनोटका आधार, शर्त र प्रक्रिया स्वृकृतिका लागि गाउँ शिक्षा समिति समक्ष पेश गर्ने,

(ञ) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थी मूल्याङ्कन, नतिजा सार्वजनिक, विश्लेषण तथा पृष्ठपोषणको व्यवस्था गर्ने,

(ट) गाउँ कार्यपालिका, शिक्षा समिति र शिक्षा शाखाले दिएका निर्देशनहरुको पालना गर्ने ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

(४) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२७. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** : (१)कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा

सोको कारण खुलाई गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति यथाशीघ्र गठन गर्नुपर्नेछ ।

२८. **शिक्षक अभिभावक संघः** सबै विद्यालयमा शिक्षक र अभिभावकहरु रहेका एक शिक्षक अभिभावक संघ रहनेछ । यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

२९. **गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः** शिक्षक दरवन्दी सम्बन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

३०. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

३१. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) शिक्षक तथा कर्मचारीको पदीय आचरण तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिमको पदीय आचरण पालना नगरेका कारण कुनै शिक्षकलाई कारवाही गर्नुपर्ने यथेष्ट प्रमाण प्राप्त भएमा निजलाई विद्यालय व्यवस्थापन समितिले कारण सहित गाउँ शिक्षा समिति समक्ष सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद ६

## प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

३२. **शिक्षकको नियुक्तिः** (१) विद्यालयमा कायम भएको रिक्त दरवन्दीको शिक्षक पदमा शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका शिक्षकलाई स्थायी नियुक्ति तथा पदस्थापन गरिनेछ ।

(२)विद्यालयमा कायम भएको रिक्त दरवन्दी/अनुदान वा यस्तै प्रकृतिको अन्य शिक्षक पदमा स्थायी नियुक्ति हुन नसक्ने अवस्थामा तोकिए बमोजिम करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।करारमा शिक्षक नियुक्तिको अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**३३. अध्यापन अनुमति पत्र लिनुपर्ने :** (१) संघीय कानुन बमोजिम अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन ।तर गाउँपालिकाभित्र रहेका विद्यालयहरुमा रिक्त रहेको माध्यमिक तहको विज्ञान, गणित र अंग्रेजी विषयको दरबन्दी/राहत अनुदान/शिक्षण सहयोग अनुदान वा यस्तै प्रकृतिको अन्य शिक्षक पदमा करारमा शिक्षक पदपूर्ति गर्ने प्रयोजनका लागि ३ पटकसम्म तोकिए बमोजिम सार्वजनिक विज्ञापन गर्दा समेत अध्यापन अनुमति पत्र प्राप्त व्यक्ति प्राप्त हुन नसकेमा चौथो पटकमा हुने विज्ञापनमा अध्यापन अनुमतिपत्र प्राप्त नभएको व्यक्तिको समेत दरखास्त स्वीकृत गरी छनौट प्राक्रिया सञ्चालन गर्न सकिनेछ।यस प्रक्रियाबाट अध्यापन अनुमति पत्र प्राप्त नगरेको व्यक्ति नियुक्त हुन पुगेमा त्यस्तो व्यक्तिले सेवा प्रवेश गरेपछिको पाँच शैक्षिक वर्ष पूरा हुनु अगावै अध्यापन अनुमति पत्र लिइसकेको हुनुपर्नेछ । तोकिएको समयभित्र अध्यापन अनुमति पत्र लिन नसकेमा निज स्वतःसेवाबाट अवकाश हुनेछ ।

३४. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयको समग्र प्रशासनिक कार्यसम्पादनको लागि शिक्षकहरुमध्येबाट एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापक पद रिक्त भएमा विद्यालय व्यवस्थापन समितिले अर्को प्रधानाध्यापक नियुक्तिको प्रक्रिया तुरुन्त अगाडि बढाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रधानाध्यापक नियुक्त नहुन्जेलका लागि विद्यालय व्यवस्थापन समितिले विद्यालयमा कार्यरत रहेका शिक्षकहरुमध्ये माथिल्लो तहका बरिष्ठतम स्थायी शिक्षकलाई निमित्त प्रधानाध्यापकको रुपमा कामकाज गर्न तोक्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम नियुक्त हुने प्रधानाध्यापकको शैक्षिक योग्यता माध्यमिक तह सञ्चालित विद्यालयको हकमा स्नातकोत्तर तह उत्तीर्ण भएको र आधारभूत तह सञ्चालित विद्यालयको हकमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ ।

(५) प्रधानाध्यापकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः

(क) शैक्षिक सत्र शुरु हुनु अगावै आगामि शैक्षिक सत्रको लागि वार्षिक कार्यपात्रो तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा समुदायसँग समन्वय गरी सेवा क्षेत्रभित्रका सबै बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित गरी सोको जानकारी शिक्षा शाखालाई दिने,

(ग) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा विद्यालय, शिक्षक/कर्मचारी, विद्यार्थी, छात्रवृत्ति, उपलब्धि लगायत विविध विषयसँग सम्बन्धित वास्तविक विवरणहरु तोकिएको समयमा नै पूर्ण रुपमा अद्यावधिक गर्ने, गराउने,

(घ) शैक्षिक सत्र शुरु हुनु अगावै आगामि शैक्षिक सत्रको लागि आवश्यक पाठ्यपुस्तकको प्रबन्ध गरी विद्यालयमा भर्ना भई अध्ययनरत

बालबालिकाहरुलाई पूरा सेट पाठ्यपुस्तक समयमा नै उपलब्ध गराउने,

(ङ) दिवा खाजा, छात्रवृत्ति, सेनेटरी प्याड लगायतको समुचित वितरण र अभिलेख कायम गर्ने गराउने,

(च) विद्यालयसँग सम्बन्धित तथ्याङ्कहरु, सिकाई उपलब्धि अभिलेखहरु तथा अन्य अभिलेखहरु पारदर्शी ढङ्गबाट व्यवस्थापन गर्ने तथा शिक्षकको विदा तथा काजको अभिलेख, शिक्षक/कर्मचारीहरुको तालिम अभिलेख, जिन्सी अभिलेख, लेखा सम्बन्धी श्रेस्ता लगायत अभिलेखहरु चुस्त बनाई राख्ने,

(छ) विद्यालय सुधार योजना कार्यान्वयन गर्ने, गराउने,

(ज) शिक्षक/कर्मचारी सरुवा भएको २१ दिनभित्र रमाना दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई दिने

(झ) प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरी शिक्षकहरुलाई प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी गराई प्रत्ये ६ महिनामा सम्झौतामा भएका व्यवस्थाहरुको कार्यान्वयनको अवस्था समीक्षा गर्ने

(ञ) विद्यालयमा नेपाल सरकारले तोके बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन गर्ने

(ट) विद्यालयमा अध्यापनरत शिक्षक/कर्मचारीहरुको कार्यस्थलमा आधारित पेशागत सहयोग र पृष्ठपोषण उपलब्ध गराउने

(ठ) विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन, विश्लेषण तथा सुधारको कार्ययोजना निर्माण र सुधारको कार्ययोजना निर्माण र कार्यान्वयनको आवश्यक प्रबन्ध मिलाउने

(ड) विद्यालयको आम्दानी तथा खर्चको लेखा राख्ने, सामाजिक परीक्षण तथा गाउँपालिकाबाट तोकिएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउने

(ढ) विद्यार्थीहरुको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिने तथा लिन लगाउने

(६) गाउँपालिकाले निश्चित आधार तयार गरी प्रधानाध्यापक पदको लागि विज्ञापन आह्वान गरी गाउँपालिकाभरका सबै विद्यालयहरुका लागि प्रधानाध्यापक तोकी पठाउन यस दफाको व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(७) प्रधानाध्यापकको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३५. **शिक्षक तथा कर्मचारीको सरुवाः** (१) गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र दुबै विद्यालयका व्यवस्थापन समितिको सिफारिसमा शिक्षा शाखाले सरुवा गर्न सक्नेछ ।

(२) स्थायी शिक्षक तथा स्थायी कर्मचारीको मात्र सरुवा गरिनेछ ।

तर, एउटै विद्यालयमा पाँच वर्ष सेवा पूरा गरिसकेको जुनसुकै प्रकृतिको शिक्षक वा कर्मचारीलाई तह र विषय मिल्ने गरी गाउँ शिक्षा समितिले सरुवा गर्न सक्नेछ ।

(३) शिक्षकको सरुवा साधारणतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ ।

(४) एक पटक सरुवा भएको शिक्षकलाई साधारणतया त्यस विद्यालयमा दुई वर्ष सेवा पूरा नगरी सरुवा गरिने छैन ।

तर, कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(६) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछः

(क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय निरीक्षकबाट सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) उपदफा (२) र (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

(ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु

पर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पतिपत्नी दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

(झ) शिक्षक सरुवाको अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(७) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(८) उपदफा (६) बमोजिम सरुवा गर्दा साधारणतया क वा ख वर्गको अपाङ्गता भएका शिक्षक र गम्भीर प्रकृतिको स्वास्थ्य समस्या भएको भनी चिकित्सा बोर्डबाट प्रमाणित भएको शिक्षकलाई पायक पर्ने स्थानमा सरुवा गर्न सकिनेछ ।

(९) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई तोकिए बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनु पर्नेछ ।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकलाई कारण समेत खुलाई शिक्षा समितिले अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(११) शिक्षकको जिल्लान्तर वा पालिकान्तर सरुवा संघीय कानुन बमोजिम हुनेछ ।

३६. **दरवन्दी मिलानः** (१) गाउँ शिक्षा समितिले कार्यदलको प्रतिवेदनका आधारमा विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलान तथा विद्यालय समायोजन, पढाइ समायोजन, स्तर बृद्धि, स्तर घटुवा, शिक्षक विद्यार्थी अनुपात मिलान, शिक्षकहरुको सरुवा, प्रारम्भिक बाल विकास केन्द्रहरुको ब्यवस्थापन लगायतका विद्यालय शिक्षा सम्बन्धी कार्यहरु गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

(३) दरबन्दी मिलान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** (१) स्थायी शिक्षकको बढुवा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा व्यवस्था भए तापनि आधारभूत तह (कक्षा६-८) र माध्यमिक तहमा आवश्यक न्यूनतम दरबन्दी बमोजिमको विषयगत शिक्षक उपलब्ध हुन नसकेको अवस्थामा तल्लो तहमा कार्यरत शिक्षकको सम्बन्धित तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पूरा भएको भएमा गाउँ शिक्षा समितिले माथिल्लो तहमा अंग्रेजी, विज्ञान वा गणित विषय शिक्षण गर्ने गरी खटाउन सक्नेछ ।त्यसरी खटाई माथिल्लो तहमा अंग्रेजी, विज्ञान वा गणित विषय शिक्षाण गर्ने शिक्षकलाई खटाइएको सम्बन्धित तहको तृतीय श्रेणीको शुरु तलव स्केलमा नबढ्ने

गरी गाउँपालिकाले तोके बमोजिम प्रोत्साहन रकम थप गरी तोकिए बमोजिम खटाउन बाधा पुगेको मानिने छैन । सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, विपदको समयमा खोज, उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा पुग्ने छैन ।

३८. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृतले शिक्षा अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रतिवेदन शिक्षा अधिकृतले आर्थिक वर्षको अन्त्यमा गाउँ शिक्षा समिति समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नेछ ।

(४) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र सन्तोषजनक नतिजा हासिल गर्न नसक्ने शिक्षक कर्मचारीलाई तोकिए बमोजिम कारवाही गर्नु पर्दछ ।

(५) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय तोकिए बमोजिम हुनेछ ।

३९ **.तालिमः** प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई सेवासँग सम्बन्धित विषयमा छोटो अवधिको तालिम गाउँपालिकाले दिन सक्नेछ । शिक्षकको पेशागत विकास तालिम सम्बन्धी व्यवस्था संघीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## दण्ड सजाय तथा जरिवाना सम्बन्धि व्यवस्था

४०. यस ऐन विपरित कार्य गरेमा देहाय बमोजिमको**दण्ड सजाय तथा जरिवाना हुनेछ ।** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिवाना हुनेछ -

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) शिक्षक नियुक्ति, सरुवा तथा पदस्थापना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन वमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्नसक्नेछ -

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी एकहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई गाउँपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(५) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले पदबाट हटाउन सक्नेछः-

(क) विनासूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिएमा वा यौनजन्य दुर्व्यवहार गरेमा

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालयको शैक्षिक क्रियाकलापलाई असर पर्ने गरी विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा, तर विद्यालयको पठनपाठनमा कुनै असर नपर्ने गरी शिक्षा शाखाबाट अग्रिम अनुमति लिई विद्यालय समय बाहेकको समयमा प्राज्ञिक कार्य गर्नको लागि यस दफाको व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि “कार्यकारिणी समिति” भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय तहस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।”

(छ) विद्यालयको शैक्षिक वातावरणमा गम्भीर असर पर्ने कुनै क्रियाकलाप गरेको पुष्टि भएमा ।

(६) उपदफा (५) बमोजिम कारबाही गर्नुअघि मनासिव सफाइको अवसरबाट बञ्चित गरिने छैन ।

४१. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

४२. **पुरस्कार सम्वन्धी ब्यवस्था** :(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका उत्कृष्ट विद्यालय तथा शिक्षक र सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने छात्र/छात्रा र गाउँपालिकाभारिबाट औषतमा उत्कृष्ट नतिजा ल्याउने विषय शिक्षकलाई विनियोजित बजेटको सीमाभित्र रही शिक्षा समितिले निर्णय गरे बमोजिम नगद पुरस्कार वा सम्मान वितरण गर्न सक्नेछ ।

## परिच्छेद ७

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सम्पत्ति, सञ्चालन र व्यवस्थापन

४३. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण:** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

४४. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा त्यस्तो सम्पत्ति गाउँपालिकाले अन्य कुनै पनि सरकारी वा सार्वजनिक प्रयोजनमा प्रयोगमा ल्याउन सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक

शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी वा त्यस्तो गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा तोकिए बमोजिम उत्तराधिकारीलाई हस्तान्तरण गर्न सक्नेछ ।

(४) कुनै कारणले शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको सम्पत्तिमध्ये सार्वजनिक गुठीको रूपमा सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ र त्यस्तो सम्पत्ति गाउँपालिकाले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ र निजी गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति उपदफा (३) बमोजिम कसैलाई हस्तान्तरण नगरेको भएमा त्यस्तो गुठीका तत्काल कायम रहेका गुठी सञ्चालक (ट्रष्टी) ले तोके बमोजिमको विद्यालय वा शैक्षिक संस्थालाई दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निजी गुठीका सञ्चालकले सो सम्पत्ति कुनै विद्यालय वा शैक्षिक संस्थालाई नदिएमा वा त्यस्ता गुठीका सञ्चालक नै नभएमा सो विद्यालयको नाममा रहेको सम्पत्ति गाउँपालिकालेले कुनै सामुदायिक विद्यालय वा कुनै शैक्षिक संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

(६) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(७) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ-संस्थासँग दान-दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि गाउँ शिक्षा समितिकोको स्वीकृति लिनु पर्नेछ ।

तर विदेशी व्यक्ति वा संघ-संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृतिबेगर बेचबिखन गर्न पाइने छैन ।

४५. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय खारेज वा अन्यत्र गाभिएमा साविक विद्यालयको चल अचल सम्पत्तिको भोगचलन गाभिएपछि कायम रहेको विद्यालयले गर्नेछ । गाभिएपछि कायम भएको विद्यालयको भोगचलनमा आउन नसक्ने अवस्थामा रहेको चल अचल सम्पत्ति गाउँपालिकाले कुनै पनि सरकारी वा सार्वजनिक प्रयोजनमा प्रयोगमा ल्याउन सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने अन्तिम दायित्व गाउँपालिकाको रहने छ ।

४६. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या र सोवापतको रकम खुलाई सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँपालिकामा माग गर्नुपर्नेछ ।

(३) विद्यालयले शैक्षिक सत्र शुरु हुनु अगावै गाउँपालिका तथा अन्य सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) गाउँपालिकाले आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित हुने गरी नेपाल सरकारबाट स्वीकृत

पाठ्यक्रमको अधीनमा रही मातृभाषा वा अन्य स्थानीय विषयवस्तु समेटिएको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न सक्नेछ ।

(५) गाउँपालिकाले हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित थप पाठ्यसामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध गर्न सक्नेछ ।

४७. **अतिरिक्त शैक्षिक कृयाकलापः** (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलापहरु बालक्लव तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी कृयाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

४८. **ठूला तथा आवासीय विद्यालय सञ्चालन गर्न सक्नेः** (१) विद्यालयले भौगोलिक क्षेत्र, विद्यार्थी सङ्ख्या तथा घरदेखि विद्यालयसम्मको दूरी समेतका आधारमा विद्यालयलाई आवासीय विद्यालयका रुपमा सञ्चालन गर्न आवश्यक ठानेमा विद्यालय व्यवस्थापन समिति र वडा समितिको निर्णय सहित अनुमतिको लागि गाउँपालिकामा प्रस्ताव पेश गर्न सक्नेछ ।यसरी प्रस्ताव पेश गर्दा आवास सुविधाको व्यवस्थापनको तौरतरिका, आवश्यक स्रोतसाधन जुटाउने स्पष्ट योजना, जनशक्ति व्यवस्थापन योजना, भौतिक पूर्वाधार विकास योजना, आवास सुरक्षा योजना आवासमा बस्ने शिक्षक, कर्मचारी तथा विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता समेत संलग्न गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव अध्ययन गर्दा ठूला तथा आवासीय विद्यालय सञ्चालनको अनुमति दिन मनासिव ठहऱ्याएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले ठूला तथा आवासीय विद्यालयका रुपमा विद्यालय सञ्चालनको अनुमति दिन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए पनि गाउँपालिकाले भौगोलिक अवस्था, विद्यार्थी सङ्ख्या, भेगीय सम्भाव्यता समेतका आधारमा कुनै विद्यालयलाई ठूला तथा आवासीय विद्यालयका रुपमा सञ्चालन गर्न मनासिव ठहऱ्याएमा ठूला तथा आवासीय विद्यालय विकास तथा सञ्चालन कार्ययोजना सहित गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति दिन सक्नेछ ।त्यस्ता विद्यालय सञ्चालनको लागि आवास, यातायात लगायत अन्य आवश्यक पक्षहरुको व्यवस्थापनका लागि गाउँपालिकाले बजेट व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेदः ८

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

४९. **संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(२) कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडा शिक्षा समितिको विद्यालय नक्साङ्कन सिफारिससहित शैक्षिक सत्र शुरु हुनुभन्दा चार महिना अगावै गाउँ शिक्षा समिति समक्ष अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा गाउँ शिक्षा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) मा जुन सुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(५) उपदफा (३) र (४) मा जुन सुकै कुरा लेखिएको भए तापनि आफ्नै स्रोतबाट प्रारम्भिक बाल विकास केन्द्र खोल्ने अनुमति सम्बन्धित वडा शिक्षा समितिले दिन सक्नेछ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवन कालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँ शिक्षा

समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(९) कम्पनी ऐन अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पूरा गरी गाउँ कार्यपालिकाको निर्णयले अनुमति दिन सकिनेछ ।

५०. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट पारित गराई स्वीकृतिका लागि गाउँ शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त आधार, शर्त र प्रकृया गाउँ शिक्षा समितिले अध्ययन गरी परिमार्जन आवश्यक देखिएमा परिमार्जनका लागि आवश्यक सुझाव सहित विद्यालयमा लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सुझाव सहित परिमार्जनका लागि आएको आधार, शर्त र प्रकृया विद्यालयले प्राप्त सुझाव समेतका आधारमा परिमार्जन गरी गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त आधार, शर्त र प्रकृया गाउँ शिक्षा समितिबाट स्वीकृत भएपछि कार्यान्वयन हुनेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृत आधार, शर्त र प्रकृया बमोजिम छनौट भएका विद्यार्थीहरुको विवरण सार्वजनिक गर्दा विद्यालय

विद्यालयले छात्रवृत्तिको लागि छनौट भएकोको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

(७) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

५१. **शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः** गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र विद्यालयको न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

५२. **अनुगमन तथा मूल्याङ्कन:**
संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका, गाउँ शिक्षा समिति, शिक्षा शाखा वा वडा शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ ।

५३. **अनुमति रद्ध गर्नेः** कुनै संस्थागत विद्यालयले कानून र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति रद्ध गर्नुअघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

५४. **शिक्षा कर सम्बन्धी व्यवस्थाः** प्रत्येक संस्थागत विद्यालयले उसको वार्षिक आम्दानीको आर्थिक ऐनमा तोकिए बमोजिमको रकम शिक्षा कर वापत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेदः ९

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

५५. **परीक्षा समितिः** (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुले पाठ्यक्रमले तोके बमोजिमको विद्यार्थीहरुको आन्तरिक सिकाइ मूल्याङ्कन नियमित रुपमा गरी सोको नतिजा सम्बन्धित विद्यार्थी र अभिभावकलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यार्थीको सिकाइ मूल्याङ्कन पश्चात विद्यार्थी र अभिभावकलाई दिनुअघि शिक्षकहरु सहभागी भई नतिजाको

विश्लेषण गरी सिकाइ सुधारका लागि गरिएका सबल अभ्यास र सुधार गर्नुपर्ने पक्षहरु समेत पहिचान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पहिचान भएका सबल तथा सुधार गर्नुपर्ने पक्षहरुमध्ये सबल पक्षलाई अझ प्रभावकारी बनाउन र सुधार गर्नुपर्ने पक्ष सुधारको लागि ७ दिनभित्र कार्ययोजना बनाई कार्यान्वयन गर्नु/गराउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ ।

(४) विद्यालय स्तरीय परीक्षाहरुको सञ्चालन तथा समन्वयको लागि तोकिए बमोजिम एक परीक्षा समिति रहनेछ । परीक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः १०

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

५६. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय संचित कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः—

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

५७. **अनुदानको व्यवस्थाः** (१) सामुदायिक विद्यालयलाई तोकिएको मापदण्डको आधारमा गाउँपालिकाले अनुदान दिन सक्नेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) गाउँपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान उपलब्ध गराउन सक्नेछ ।

५८. **बजेट तयार गर्नेः** प्रधानाध्यापकले प्रत्येक वर्षको आषाढ मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

५९. **लेखा व्यवस्थापनः** (१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै ब्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

६०. **सामुदायिक विद्यालयको खाता सञ्चालन** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन देहाय बमोजिम हुनेछः

क) आधारभूत तह (कक्षा ५ सम्म) सञ्चालित विद्यालयको खाता प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयुक्त दस्तखतबाट

ख) आधारभूत तह (कक्षा ८ सम्म) सञ्चालित विद्यालयको खाता प्रधानाध्यापक र लेखा हेर्ने शिक्षकको संयुक्त दस्तखतबाट

ग) माध्यमिक विद्यालयको खाता प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट

६१. **लेखा परीक्षण तथा सामाजिक परीक्षणः** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँपालिका शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धी, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना अभिभावक भेला बोलाई सार्वजनिक तथा अनुमोदन

गर्नुपर्नेछ । विद्यालयको सामाजिक परीक्षण गराउनु प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

६२. **छात्रवृतिको व्यवस्था गर्न सक्नेः** गाउँ शिक्षा समितिले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

६३. **शुल्क तथा सहयोग सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा भर्ना शुल्क, मासिक पढाइ शुल्क, पाठ्यपुस्तक वापतको रकम, परीक्षा शुल्क जस्ता शुल्क लिन पाउने छैन ।"

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आफ्नो आयस्रोतलाई आधार मानी आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।"

(५) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।" तर गरिबीको रेखामुनि रहेका दलित, जनजाति र महिला लगायतअन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँपालिकाबाट स्वीकृति लिएर मात्र निर्धारण गर्नु पर्नेछ ।

(८) कुनै विद्यालयले अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँ शिक्षा समितिले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँ शिक्षा समितिले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

स्पष्टिकरणः कुनै अभिभावक वा शिक्षाप्रेमीबाट निःस्वार्थ भावले विद्यालयलाई उपलब्ध गराएको सहयोग लिन, विद्यालयले नियमित पठनपाठनको समयभन्दा अन्य समयमा लिइने अतिरिक्त कक्षा, यातायात व्यवस्थापन, आवासीय व्यवस्था, नियमित शिक्षण सिकाइ क्रियाकलाप बाहेकका अभिभावकको स्वीकृतिमा गरिने विद्यार्थीको प्रतिभा विकासका अन्य क्रियाकलाप समेतका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट स्वीकृति लिई अत्यावश्यक रकम सहयोग लिनको लागि यस दफाको व्यवस्थाले बाधा पर्ने छैन ।

६४. **विद्यालयलाई छुट सुविधा तथा अनुदान सहायताः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा गाउँ कार्यपालिकाको कार्यालयले रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

(४) सामुदायिक विद्यालय, सार्वजनिक शैक्षिक गुठी वा मुनाफा नलिने गरी सञ्चालित विद्यालयहरुलाई गाउँपालकिकाबाट आर्थिक सहायता, अनुदान वा सहयोग उपलब्ध गराउन सकिने छ ।

## परिच्छेदः ११

## विविध

६५. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।"

६६. **निर्देशन दिन सक्नेः** (१) गाउँपालिका तथा गाउँ शिक्षा समितिले वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा विद्यालयलाई शिक्षा क्षेत्रसँग सम्बन्धित निर्देशनहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र विद्यालयको कर्तव्य हुनेछ ।

६७. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः** (१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाको अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

६८. **कार्यदल गठन गर्न सकिने** : (१) रोशी गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर सुधार गर्न सुझाव दिन गाउँ शिक्षा समितिद्वारा एक कार्यदल गठन गर्न सकिने छ ।

(२) कार्यदलमा रहने पदाधिकारीहरु र संख्या रोशी गाउँपालिकाको गाउँ शिक्षा समितिद्वारा निर्णय भए बमोजिम हुनेछ ।

(३) कार्यदलले गाउँपालिका क्षेत्र भित्र समग्र शैक्षिक गुणस्तरमा सुधार गर्न आवश्यकता अनुसार विभिन्न विद्यालयहरुमा भ्रमण गरी विद्यालय मर्ज, पढाई समायोजन, स्तर बृद्धि, स्तर घटुवा, शिक्षक विद्यार्थि अनुपात मिलान, शिक्षकहरुको पदस्थापना, सरुवा, प्रारम्भिक बाल विकास केन्द्रहरुको व्यवस्थापन लगायतका विविध विषयहरु समेटी गाउँ शिक्षा समिति समक्ष प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदन उपर गाउँ शिक्षा समितिले छलफल गरी यस ऐनबमोजिम गाउँ शिक्षा समितिले गर्न सक्ने काम आफैं गरी अन्य कामका लागि उपयुक्त सुझाव सहित गाउँ कार्यपालिकामा आवश्यक कार्यका लागि सिफारिस गर्नेछ ।

(५) उपनियम (४) बमोजिम शिक्षा समितिबाट प्राप्त सुझावहरु मध्ये उपयुक्त सुझावहरु लागु गर्न गाउँ कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

(६) उपनियम (१) बमोजिम गठित कार्यदलले निर्धारित समय-सीमा भित्र रही प्रतिवेदन पेश गर्नु पर्नेछ । गठनका तोकिएको समय-सीमा पश्चात कार्यदल स्वतः विघटन हुनेछ ।

(७) कार्यदललाई आवश्यक पर्ने खर्च तथा बैठक भत्ता नियमानुसार हुनेछ ।

६९. **शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न तथा विद्यालय व्यवस्थापन समितिमा रहन नपाउने:** नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार मार्फत नियमित तलव प्राप्त गर्ने गरी कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न, व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न वा यस ऐनमा पदेन तोकिए बाहेक विद्यालय व्यवस्थापन समितिको पदाधिकारी र शिक्षक अभिभावक संघको अध्यक्ष बन्न पाउने छैन ।

७०. **स्थानीय शिक्षा विकास कोष** : १) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुमा आपतकालीन सहयोग, विपन्न, प्राकृतिक प्रकोप पिडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्न सक्नेछ ।

२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) न्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन गाउँ शिक्षा समितिको अध्यक्षको संयोजकत्वमा सामाजिक विकास समितिका संयोजक र शिक्षा अधिकृत सदस्य रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

(४) कोषको खाता सञ्चालन तथा कारोबार अन्य कोषहरु सरह प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

७१. **भर्ना गर्न इन्कार गर्न नहुनेः** (१) कुनै अभिभावकले आफ्नो बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न निजलाई पायक पर्ने विद्यालयमा वा अन्य कुनै विद्यालयमा भर्ना गर्न अनुरोध गरेमा देहायको अवस्थामा बाहेक त्यस्तो विद्यालयको प्रधानाध्यापकले भर्ना गर्न इन्कार गर्नु हुँदैनः-

(क) कुनै कक्षाको लागि अध्यापन गराउने विद्यार्थी जति सङ्ख्या निर्धारण गरिएको हो त्यति नै सङ्ख्यामा बालबालिका भर्ना भइसकेको भएमा,

(ख) जुन कक्षामा निज भर्ना हुन चाहेको हो निजले त्यस्तो कक्षाको न्यूनतम स्तर पूरा नगरेमा,

(ग) विद्यालयको भौतिक अवस्थाको कारणले बालबालिका भर्ना गर्न नसकिने भएमा,

(२) उपदफा (१) का खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए पनि अपाङ्गता भएका वा आर्थिक रूपले विपन्न बालबालिकालाई निजहरूकै पायक पर्ने विद्यालयले भर्ना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बालबालिका भर्ना गर्न इन्कार गर्नु परेमा सम्बन्धित प्रधानाध्यापकले त्यस्तो विद्यालयको नजिकमा रहेको अन्य उपयुक्त विद्यालय भए सम्बन्धित वालवालिकालाई त्यस्तो विद्यालयमा भर्ना गर्न सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम कुनै बालवालिका भर्ना गर्न नसकेमा त्यसको कारण लिखित रूपमा अभिभावकलाई दिई सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ र त्यस्तो कार्यालयले सम्बन्धित वडा भित्र वा अन्यत्र रहेका विद्यालयमा त्यस्तो बालबालिकाको भर्नाको सहजीकरण गर्नु पर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ख) को अवस्थामा भर्ना गर्न नसकिने भएमा निजले आधारभूत तहको जुन कक्षाको स्तर पूरा गर्न सक्दछ निजको अभिभावकले चाहेमा सोही कक्षामा सोही विद्यालयमा निजलाई भर्ना गराउनु पर्नेछ ।

(६) यस दफामा लेखिएको अवस्थामा बाहेक बालबालिकालाई भर्ना गर्न इन्कार गर्ने काम दण्डनीय हुनेछ ।

७२. **विद्यालयबाट निष्कासन गर्न नहुनेः** (१) कुनै विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा लिइरहेको कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न सकिने छैन ।

(२) विद्यालय भर्ना भएको बालबालिकाले कुनै अनुशासनहीन काम गरेको वा खराव आचरण भएको कारणले निजलाई आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउन वा बञ्चित गर्न सकिने छैन । त्यस्ता बालबालिकालाई विद्यालयले परामर्श सेवाको सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(३) आधारभूत तहको शिक्षा प्राप्त गरिरहेको कुनै बालबालिकाको अनुशासन, आचरण, पठनपाठन लगायतका विषयमा कुनै सुधार गर्नु पर्ने भएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले सम्बन्धित अभिभावकसँग छलफल वा परामर्श गरी त्यस्तो बालवालिकाले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न मनोसामाजिक परामर्श वा अन्य आवश्यक उपाय अवलम्बन गर्नु पर्नेछ।

७३. **पुनः भर्ना गर्नु पर्नेः** (१) पाँच वर्ष पूरा भई वाह वर्षउमेर पूरा नगरेको कुनै बालबालिका कुनै कारणले विद्यालयमा भर्ना हुन नसकी आधारभूत तहसम्मको अध्ययन पूरा नगरेको या आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छोडेको भएमा निजको उमेर वा स्तर अनुरूप विद्यालयले (१)(ख) को अधीनमा रही निजलाई पुनः भर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भर्ना भएको वालबालिकालाई निज भर्ना भएको कक्षाका अन्य बालवालिकाको समान स्तरमा पुर्‍याउन आवश्यक भएमा सम्बन्धित विद्यालयले वैकल्पिक उपायको व्यवस्था गर्नु पर्नेछ ।

७४. **परम्परागत शिक्षा प्रदान गर्न सकिनेः** (१) परम्परादेखि चली आएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकुल, गुम्बा वा मदरसा जस्ता संस्था सञ्चालन गरी बालबालिकालाई शिक्षा प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नको लागि सञ्चालन गरिने गुरुकुल, गुम्बा वा मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालन हुने गुरुकुल,गुम्बा वा मदरसाले बालबालिकालाई शिक्षा प्रदान गर्दा स्थानीय तहले कानून बमोजिम निर्धारण गरेको र तोकिए बमोजिमको अन्य शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दर्ता गरी सञ्चालनमा रहेका

गुरुकुल, गुम्बा र मदरसा जस्ता शैक्षिक संस्थाले प्रदान गर्ने शिक्षाका अतिरिक्त नेपाल सरकारले निर्धारण गरेको पाठ्यक्रम बमोजिमको शिक्षा प्रदान गर्नु पर्नेछ।

(५) परम्परागत शिक्षा प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७५. **निजी लगानीका विद्यालय सेवामूलक हुनेः** (१) निजी लगानीका विद्यालयले प्रारम्भिक बाल विकास शिक्षा र आधारभूत शिक्षा सेवामूलक तथा लोककल्याणकारी हुने गरी सञ्चालन गर्नु पर्नेछ ।

(२) निजी लगानीका बिद्यालयलाई सेवामूलक र लोककल्याणकारी बनाउने सम्बन्धी विस्तृत व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन गरेका सो विद्यालयको विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयले प्रारम्भिक बाल विकास तथा शिक्षादेखि बाह कक्षासम्मका कुल विद्यार्थी सङ्ख्याको देहाय बमोजिम विद्यार्थीहरूलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्नेछ ।

(क) पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दश प्रतिशत ।

(ख) पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा बाह्र प्रतिशत ।

(ग) आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै विद्यालयले उपलब्ध गराउँदै आएको छात्रवृत्ति घटाउन पाइने छैन ।

(५) उपदफा (२) बमोजिम आरक्षण गरिएको स्थानमा छनौट कार्यविधि अवलम्बन गरी तोकिएका समूहबीचको प्रतिस्पर्धाको आधारमा योग्य र सक्षम बालबालिकालाई भर्ना गर्नु पर्नेछ ।

(६) उपदफा (१) मा आरक्षित स्थानका निम्ति छनौट भई भर्ना भएका विद्यार्थीहरूलाई निजी लगानीका विद्यालयले उपलब्ध गराउने सुविधा तोकिए बमोजिम हुनेछ।

(७) उपदफा (१) बमोजिम आरक्षण गरिएको स्थानमा उपदफा (२) बमोजिम छनौट भई निःशुल्क अध्ययन गर्ने

विद्यार्थीहरूले जुन कक्षामा निःशुल्क शिक्षा लिएको हो सोभन्दा माथिल्लो कक्षा, तह वा प्रचलित कानून बमोजिम प्राप्त हुने निःशुल्क अध्ययन वा छात्रवृत्ति प्राप्त गर्ने प्रयोजनका लागि आवेदन गर्न पाउनेछ ।

(८) उपदफा (७) बमोजिम कसुर तथा जरिबानाः (१) कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) उपदफा ७ को उपदफा (क) बमोजिम बालबालिकालाई भर्ना गर्न इन्कार गरेमा वा उपदफा (४) बमोजिम लिखित जानकारी नदिएमा,

(ख) उपदफा ७ को उपदफा (ख) बमोजिम निष्कासन गरेमा वा उपदफा (२) बमोजिमको आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउने वा बञ्चित गरेमा,

(ग) उप दफा (ग) बमोजिम पुनः भर्ना गर्न इन्कार गरेमा वा अभिभावकले बालबालिकालाई विद्यालय स्थानान्तरणका लागि स्थानान्तरण प्रमाणपत्र माग गर्दा स्थानान्तरण प्रमाणपत्र दिन इन्कार गरेमा,

(घ) उपदफा (घ) बमोजिम विपरीतका कुनै कार्य गरेमा,

(ङ) उपदफा (ङ) विपरीतको कुनै कार्य गरेमा ।

(९) कसैले उपदफा (७) बमोजिमको कसुर गरेमा सम्बन्धित बालबालिकाको अभिभावकले त्यस्तो कसुर गरेको पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ ।

(३) उपदफा (क) बमोजिमको कसुर गरेमा न्यायिक समितिले सम्बन्धित प्रधानाध्यापकलाई देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) खण्ड (क) र (ग) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रूपैयाँसम्म,

(ख) खण्ड (ख) र (घ) बमोजिमको कसुर गर्नेलाई तीन हजार रूपैयाँसम्म,

(ग) खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई बिगो बमोजिमको रकम वा पच्चीस हजार रूपैयाँमध्ये जुन बढी हुन्छ सो रकम।

(४) यस ऐनको प्रतिकूल हुने गरी कुनै रकम असुल उपर गरेको रहेछ भने त्यस्तो रकम समेत सम्बन्धित व्यक्तिलाई फिर्ता गराउनु पर्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

७६. **अनुदान उपलब्ध गराउन सक्नेः** (१) गाउँपालिकाले स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही विद्यालयहरुमा आवश्यक पर्ने सञ्चालन तथा व्यवस्थापन खर्च, न्यून दरबन्दी रहेका विद्यालयहरुको लागि शिक्षक व्यवस्थापन खर्च, भौतिक निर्माण तथा मर्मत, सिकाइ सुदृढीकरण तथा नतिजा सुधारका कार्यक्रम, अभिभावक शिक्षा, फर्निचर, खानेपानी, सिकाइ सामग्री व्यवस्थापन, शैक्षिक मेला व्यवस्थापन, विद्यार्थी प्रतिभा व्यवस्थापन,

खेलकुद जस्ता कार्यका लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध अनुदानको कानुनको अधीनमा रही मितव्ययी रुपमा परिचालन, व्यवस्थापन तथा अभिलेख राखी लेखा परीक्षण गराउने सम्मको कर्तव्य विद्यालय व्यवस्थापन समितिको हुनेछ

७७. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न गाउँपालिकाले नियमवली, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ ।

७८. **संक्रमणकालीन व्यवस्थाः** (१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम यस ऐन बमोजिमको नियमावली नआउँदासम्म विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि २०७५बाट सम्बोधन भएको हकसम्म सोही बमोजिम र सम्बोधन हुन नसकेको हकमा गाउँ कार्यपालिकाबाट व्यवस्थित गर्न सकिनेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति शिक्षा शाखाले दिनेछ ।

७९. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

८०. **अन्तिम व्याख्या गर्ने अधिकारः** यस ऐनको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

८१. **खारेजी र बचाउ तथा लागू हुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका र ऐनमा उल्लेख भएका विषय सोही बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यसअघि विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि २०७५ बमोजिम भएको काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

आज्ञाले
टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत